'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com

# नमस्ते कर्णाली


Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ६० | आइतवार ११ कार्तिक, २०८१ | 27 (Sunday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## २७ हजारमा डेंगु संक्रमण देखिएपछि बल्ल सरकारको आँखा खुल्यो

### *हिमाली जिल्लामा समेत उक्लियो डेंगु*

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/१०




डेंगु संक्रमण भयावह बनेपछि बल्ल सरकारले चासो देखाएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले हरेक शुक्रबार बिहान १० बजे डेंगु नियन्त्रणका लागि लार्भा नष्ट अभियान थाल्ने निर्णय गरेको छ । त्यसमा राज्यका सबै संयन्त्र परिचालन हुने भनिएको छ । प्रधानमन्त्री केपी ओलीले पनि शुक्रबार सामाजिक सञ्जालमा भिडियो तथा स्टाटस पोस्ट गर्दै हरेक शुक्रबार बिहान १० बजे लामखुट्टे र लामखुट्टेको प्रजननूस्थल नष्ट गर्ने अभियानमा लाग्न आग्रह गरेका छन् । हिमाली जिल्लाा समेत डेंगु उक्लिएकोछ । अत्यत्यै चिसो हुने र अग्ला भूभाग भएका जिल्लामा पनि लामखुट्टे फैलिएपछि डेंगुको जोखिम थप बढेको छ । महाशाखाका अनुसार हुम्लामा पनि संक्रमित देखिएका छन् । २१ असोजमा हुम्लाका ५४ वर्षीय गौरासिंह बोहरालाई डेंगु देखिएको थियो । बुधबार सम्मको तथ्यांकअनुसार हुम्लामा एकजनालाई मात्रै डेंगु देखिए पनि शनिबार प्रकाशन हुने नयाँ अद्यावधिक तथ्यांकमा भने थप व्यक्तिलाई पनि डेंगु भएको हुन सक्ने आशंका गरिएको छ। त्यस्तै, अन्य हिमाली जिल्लामा पनि थोरै संख्यामा डेंगु देखिएको महाशाखाले जनाएको छ । प्रधानमन्त्री ओलीले भनेका छन्, 'लामखुट्टेबाट सर्ने-फैलिने डेंगु रोग नेपालका केही जिल्लाहरूमा अहिलेसम्म पनि कायमै छ, यसलाई रोकथाम गर्नको लागि लामखुट्टेलाई टोक्न नदिनु र लामखुट्टेका प्रजननस्थलहरू पानी जमेका ठाउँहरू नष्ट गर्नु जरुरी हुन्छ । यसपल्ट पनि हामी त्यही गर्न लागेका छौं । हरेक शुक्रबार बिहान १० बजे हामी सबै नागरिक समाज, कर्मचारी, सेना-प्रहरी सबैलाई यस अभियानमा जुट्न म हार्दिक आग्रह गर्दछु । यसो गरेर मात्रै हामी निरोगी नेपाल, स्वस्थ नेपाल निर्माण गर्न सक्छौं ।' तर, सरकारले निकै ढिलो गरी लामखुट्टेका लार्भा नष्ट अभियान थालेको हो । यसबिचमा २७ हजार १५३ मा संक्रमण भइसकेको छ भने ११ जनाले ज्यान गुमाइसकेका छन् । हाल देशका ७७ वटै जिल्लामा डेंगु संक्रमण फैलिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार कास्की, काठमाडौं, तनहुँ, पर्वत, चितवन, ललितपुर, गोरखा र बागलुङमा डेंगु बढी फैलिएको छ । वरिष्ठ सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले सरकारले मनसुन सुरु हुनुअघि नै डेंगु नियन्त्रणमा चासो देखाएको भए अहिलेको जस्तो भयावह अवस्था नआउने बताए । 'सरकारले ढिलो चासो देखायो, डेंगु नियन्त्रणमा पहिलेदेखि तथा मनसुन सुरु हुनअघि नै चासो दिएको भए यो हदसम्म फैलने थिएन,' उनले भने, 'सरकार र नागरिकस्तरबाट सम्भावित लार्भा भएको ठाउँमा औषधि छर्कने र पानी जम्न नदिने तथा सरसफाइका काम गरेको भए भयावह अवस्था आउने थिएन, तर सरकारले वेलैमा ध्यान दिएन ।' *बाँकी ३ पेजमा...*

## काठमाडौँमा माओवादीको खबरदारी जुलुस र सभा

### *भ्रष्टाचार गरेको भए मलाई पनि गिरफ्तार गर :प्रचण्ड*

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/१०




माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले रवि लामिछानेलाई बचाउनका लागि माओवादी केन्द्रले खबरदारी सभा गरेको भन्दै भ्रम फैलाएकोमा आपत्ति जनाएका छन् । शनिवार काठमाडौँमा भएको खबरदारी सभामा बोल्दै प्रचण्डले विगतमा रवि लामिछानेलाई बचाउन केपी ओलीले नै भूमिका खेलेको बताउँदै अहिले प्रतिपक्षमा पुगेपछि मात्रै पेल्ने काम गरेको उल्लेख गरे । सहकारी ठगीको विषयमा ओली नै संसदीय छानबिन समिति बनाउने कुराको विपक्षमा रहेका बेला आफूले लामिछानेलाई छानबिन समितिका लागि तयार हुन र निर्दोष प्रमाणित भएर देखाउन सुझाव दिएको बताए । उनप्रचण्डले भने - 'तपाईंहरुलाई हेक्का रहोस्, भ्रष्टाचारको विषयमा यदि प्रचण्ड पनि देखापऱ्यो भने त्यसलाई पनि गिरफ्तार गर भनेको हो मैले । अहिले सम्म नेपालको इतिहासमा कोही प्रधानमन्त्रीले त्यसो भन्यो?। त्यतिबेलाको सीआइबीसँग त्यतिबेलाको गृहमन्त्री नारायणकाजी र म बसेर भनेका हौं, माओवादी पऱ्यो भनेपनि समात्नुस भनेको हो । अरू हैन प्रचण्ड देखा पऱ्यो भने पनि समात्नुस् भन्ने मान्छेले अहिले अरू कोही पक्राउ पऱ्यो भनेर बचाउन सभा गर्नुपर्छ ?' उनले प्रचण्ड र माओवादी केन्द्रलाई बदनाम गर्ने षडयन्त्रको रूपमा रविलाई बचाउन सभा गरेको भन्ने आरोपको खण्डन गरे । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफ्नो नेतृत्वमा बनेको सरकारले नेपाललाई लोडसेडिङबाट मुक्त गराएको बताएका छन् । आफूले जनार्दन शर्मालाई ऊर्जा मन्त्री र कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको प्रमुख बनाएपछि देशमा लोडसेडिङको अन्त्य भएको बताउँदै अध्यक्ष प्रचण्डले अहिलेको सरकार जनार्दन, कुलमान, नारायणकाजी र प्रचण्डको नाम सुनेर नै त्रसित भएको दाबी गरे । यति बेला वर्तमान सरकार दलाल पूँजीपतिहरुको पक्षमा लागेर कुलमानलाई हटाउन षड्यन्त्र भइरहेको समेत उनले बताए । प्रचण्डले नेकपा माओवादी केन्द्रलाई समेत फुटाउन सकिन्छ कि भनेर ओली स्वयम लागेको आरोप लगाए । उनले भने, 'माओवादीलाई समाप्त गर्न उनीहरू लागेका छन् । त्यसका लागि उनीहरू दिनरात लागेका छन् । प्रचण्ड रहेसम्म केही गर्न सकिँदैन भनेर उनीहरूलाई चिन्ता छ ।' प्रचण्डले जनतालाई पनि माओवादीलाई कसरी बलियो बनाउने भनी चिन्ता लागेको बताए । प्रचण्डले एक्लै चुनाव लड्ने घोषणा गर्दै अब बिचौलियाका पृष्ठपोषकहरुसँग मिलेर चुनाव नलड्ने घोषणा समेत गरे । खबरदारी सभामा बोल्दै प्रचण्डले यो सरकार सुशासन विरुद्ध, भ्रष्टाचारीलाई बचाउन, रातको १२ बजे दलालहरूको घरमा गएर बनेकोमा जे चिन्ता गरिएको थियो त्यसलाई सय दिनमा सरकारले आफैँले पुष्टि गरेको टिप्पणी गरे ।

## हुम्ली एकता समाजको भेला तथा शुभकामना आदान–प्रदान कार्यक्रम सम्पन्न

### *२१ सदस्यीय हुम्ली एकता समाजको तदर्थ समिति गठन*

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/१०



शनिबार बाँकेको कोहलपुरमा सम्पन्न भएको हुम्लीहरुको भेलाले अशोक भण्डारी (अदानचुली)को अध्यक्षतामा २१ सदस्यीय हुम्ली एकता समाजको तदर्थ समिति गठन गरिएको छ । जसमा बरिष्ठ उपाध्यक्षमा नन्दखर जैसी (ताँजाकोट), खुला उपाध्यक्षमा गंगादत्त जैसी (सर्केगाड), महिला उपाध्यक्षमा इन्द्रा शाही(चंखेली), सचिवमा अमृत महतारा(अदानचुली), सह(सचिवमा चक्र मल्ल (ताँजाकोट), कोषाध्यक्षमा खेमराज शाही (अदानचुली) र सह-कोषाध्यक्षमा ऐठन शाही (सिमिकोट)रहेकाछन् । त्यस्तै सदस्यहरुमा प्रशान्त परियार, मनसरी खडका, उद्धिम शाही, धनमान थापा, दिपक शाही, जनक शाही, गगनभण्डारी, सुशिला ढकाल, रत्नकली बोहरा, बादल बोहरा, प्रेम लामा, दावा लामा र राज बहादुर बोहरा रहेका छन् । हुम्ला जिल्लाका विभिन्न स्थानीय तहहरुबाट विभिन्न पेशा, व्यवसाय, नोकरी, अध्यन वा स्थायी-अस्थायी बसोबास गरी बाँकेका विभिन्न स्थानमा बस्दै आएका जन्म थलो हुम्ला भएका हुम्लीहरुको शनिबार कोहलपुरमा भेला भएको हो । भेलामा २०८१ को शुभदीपावली, छठ तथा नेपाल सम्बत ११४४को शुभकामना आदा-प्रदान समेत गरिएको थियो । शनिबारको भेलाबाट बनेको तदर्थ समितिले हुम्ली एकता समाजको विधान बनाई संघ संस्था दर्ता ऐन अनुसार नेपाल सरकारका विभिन्न निकायहरुमा समेत गराउने मान्डेट पाएको अध्यक्ष अशोक भण्डारीले जानकारी गराए । हुम्ली समाजको भेला तथा शुभकामना आदान-प्रदान कार्यक्रम समाजका जेष्ठ नागरिक कृष्ण भक्त जैसीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

## सम्पादकीय

# देउवालाई ओलीको काम गराई राम्रो

नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवालाई इतिहास मै पहिलो पटक एमाले अध्यक्ष के.पी.ओलीको काम गराई राम्रो लागेको रहेछ। माया प्रेम र मित्रता हुनुपर्छ त यस्तो। कहिल्यै नमिल्ने दलहरु सत्ता, स्वार्थ र आफ्नो विगतका कर्तुतहरुको ढाकछोप गर्न 'मिलिजुली खाउँ भाले'भन्ने भनाईको चरितार्थ गर्न पछि पर्दैनन् भन्ने प्रमाणित भएरै छोडे नेपालमा पनि । अहिले छर्लङग भएको सत्य के हो भने के.पी. ओली पहिलो पटक प्रधानमन्त्री हुँदा उनले राष्ट्रियताको सन्दर्भमा लिएका अडानले उनको लोकप्रियता बढेको थियो। तर अहिले प्रधानमन्त्री हुँदा उनको पहिलेको जस्तो लोकप्रियता नभएको मात्र होइन, चारै तिर उनको विरोध नै विरोध भैरहेको पाइन्छ। उनले राम्रो काम गर्ने त परको कुरा काम गर्नु भन्दा पनि गफ र उखानमा हान्नमै समय खर्चेका छन् । उनी देशको प्रधानमन्त्री हुन तर उनी एउटा स्थानीय तहको प्रमुख सँग पौठेजोरी खेलिरहेका छन् । प्रधानमन्त्रीले आफ्नो गति खोज्ने भन्दा पनि अरुको गतिलाई ब्रेक लगाउन तल्लिन देखिन्छन् । म किन सबै तिरको आलोचनाको पात्र बनिरहेको छु भन्ने कुराको समीक्षा गर्ने भन्दा पनि अझै छाडा हुने संकेत देखिन्छ । जो प्रधानमन्त्री स्वयम र एमालेका निम्ति समेत घातक बन्न सक्छ । प्रधानमन्त्री ओलीको काम गराईबाट शेर बहादुर देउवा खुसी हुनु नै रवी लामिछानेको पक्राउ हो । काँग्रेसका कयौं नेताहरुका लागि रवीलाई कारबाही गर्ने विषय 'राजनीतिक इगो'भैसकेको थियो । रवीको पक्राउबाट प्रधानमन्त्री भन्दा पनिलाई खुसी लागेको हो । शेर बहादुर देउवा ओलीको काम गराईबाट खुसी हुनुको अर्को कारण चाही आफ्नी पत्नि आरजु देउवालाई परराष्ट्र मन्त्री बनाएर भुटानी शरणार्थीको गोल्डमेडल उपहार दिए सरह हो । ओलीका यी काम गराईबाट नै होला देउवा सारै खुसी भएका छन् रे।

# विपद्को जिम्मेवारी जलवायु परिवर्तनलाई दिएर उम्कन मिल्छ?

**डा. भेषराज थापा**

यस वर्ष मात्र ६ सय ३१ जनाले विभिन्न विपद्का कारण ज्यान गुमाइसकेका छन् र असोज १० पछि आएको बाढीपहिरोमा परी झन्डै चार सय जनाको मृत्यु भएको पछिल्लो तथ्यांकले देखाउँछ । मृत्यु हुनेमा आधाजस्तो बागमती प्रदेशका व्यक्ति रहेका छन्। यो विपद्का कारण अर्बौं रूपैयाँको आर्थिक नोक्सानी भएको छ। यसपालिको मनसुन अन्त्य भएको छ । हालैको बाढीपहिरो जलवायु परिवर्तनका कारण मात्र आएको हो त ? अथवा हामीले निर्माण गरेका संरचना, हामीले गरेका खोलानाला अतिक्रमण र हाम्रा अवैज्ञानिक विकास कार्य पनि यसका जिम्मेवार पक्ष हुन् ? यतिबेलाका अहम् प्रश्न हुन् यी । यी र यस्तै प्रश्नका जवाफ खोज्ने र यिनै अनुत्तरित प्रश्नको जवाफ दिनका लागि केही तथ्यगत प्रस्तुतिहरू दिँदै काठमाडौं उपत्यकाकेन्द्रित भएर केही तथ्यहरू प्रस्तुत गर्ने जमर्को यस आलेखमा गरेको छु। जल तथा मौसम विज्ञान विभागले असोज १० देखि तीन दिनसम्म भारी वर्षा हुने र यसले विशेष गरेर नेपालको पूर्व र मध्य भागमा केन्द्रित रहेर ५६ जिल्लामा अधिक वर्षा हुने, जसका कारण सडकहरू अवरुद्ध हुने, बाढीपहिरो आउने सम्भावनासहित उच्च सतर्कता (रेड अलर्ट) जारी गरेको थियो । तर पूर्वानुमान र उच्च सतर्कता जारी गरेपश्चात् हामीले त्यसबाट हुन सक्ने क्षति, प्रभाव न्यूनीकरण र त्यस सूचनालाई आधार मानी प्रतिकार्य, उद्धार र पुनर्उत्थानका लागि आवश्यक तयारी गरेका थियौं त? के हाम्रा सरकारी, गैरसरकारी निकाय र नागरिक तवरबाट केही पूर्व तयारी गर्‍यौं त? अवश्य हाम्रा केही तयारी थिए होलान् तर यी तयारी यथेष्ट देखिएनन् । यही कारणले दसैंको पूर्वसन्ध्यामा नेपालीले नसोचेको विपत्ति भोग्नुपर्‍यो । यो विपद् र विषम मौसमी घटना थियो । दसैंको मुखमा आआफ्नो गाउँ जान तयार सर्वसाधारण यो घटनाबाट प्रभावित भए र उनीहरूले चाडबाडका लागि जोहो गरेका थुप्रै धनराशि र पशुचौपायामा नोक्सानी भयो । सँगसँगै ठुलो मानवीय क्षतिसमेत हामीले




बेहोर्नुपर्‍यो । नेपालको भौगोलिक अवस्था, भिरालो जमिन र कमजोर माटोको पृष्ठभूमिमा जल तथा मौसम विभागले २४ घण्टामा १४० मि.मि. भन्दा बढी पानी पर्ने पूर्वानुमान गर्दा यसले खतराको संकेत गर्छ । तदनुरूप उच्च सतर्कता अपनाउन विभिन्न सामाजिक सञ्जाल, पत्रपत्रिका र मोबाइल मेसेजबाट जानकारी गराउँछ । यसरी पूर्वजानकारी गराउँदा पनि हामी नागरिकले यसलाई कत्तिको केन्द्रमा राखेर सोच्यौं ? विपद्का क्षेत्रमा काम गर्ने सरकारी निकायजस्तो राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणजस्ता निकायले यथेष्ट प्रयास नपारेको देखिन्छ । यसपटकको कहालीलाग्दो परिस्थितिबाट हामीले धेरै कुरा सिक्नुपर्नेछ । आगामी कालखण्डका लागि थुप्रै पूर्वतयारी गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**पानीको मात्रा कति थियो?**

असोज १०-११ सम्म सक्रिय रहेको न्यून चापीय प्रणालीका कारण देशका धेरै स्थानमा भारीदेखि धेरै भारी तथा केही स्थानमा अति भारी वर्षा भएकाले हामीले नसोचेको अकल्पनीय प्रकोप बेहोर्नुपर्‍यो । पछिल्लो तथ्याङ्कलाई हेर्ने हो भने १४ जिल्लाका २५ वटा केन्द्रले जल तथा मौसम विज्ञान विभागले पनि वर्षा मापन सुरु गरेपश्चातको हालसम्मको रेकर्ड तोडिएका छन् । जसमध्ये २४ घण्टामा ३०० मि.मि.भन्दा अधिक वर्षा हुनेमा काभ्रेको खोपासी, ललितपुरको गोदावरी, चापागाउँ, दामन (४१० मि.मि.) र २५० मि.मि.भन्दा बढी पानी परेका आठ वटा स्टेसनमा देखिन्छ । यसपटकको अति भारी वर्षा बागमती प्रदेशको काभ्रे, ललितपुर, चितवन, सिन्धुपाल्चोक आसपास भएको देखिन्छ, जसका कारण क्षति पनि यसपटक बागमती प्रदेशमा बढी, त्यसपछि पूर्वमा कोसी प्रदेशमा भएको तथ्याङ्कले पुष्टि गरेका छन् । हामीले पछिल्ला तथ्याङ्कहरूलाई केलाउने र २०७२ सालको भूकम्पलाई नहेर्ने हो भने सबैभन्दा बढी धनजन र मानवीय क्षति पानीसँग सम्बन्धित रहेका प्रकोपहरू जस्तै बाढीपहिरोबाट नै देखिन्छ ।

के यो प्राकृतिक प्रकोप जलवायु परिवर्तनको कारण मात्र आएको हो? अहिले संसारभरि नै अतिवृष्टि, अनावृष्टि भइरहेको छ । पानी पर्ने समय फेरिएको छ। वर्षाको प्रवृत्ति फेरिएको छ। पृथ्वीको तापक्रममा फेरबदल भइरहेको छ । नेपाल यसबाट अलग रहन पनि सक्दैन। जलवायु परिवर्तनका कारण तापक्रम र वर्षामा आउने यही परिवर्तनका कारण यसपटकको वर्षामा दुई सय ६९ स्वचालित वर्षामापन केन्द्रहरूमध्ये एक सय एक केन्द्रहरूमा सतर्कता केन्द्र तह पार गरेको थियो । औसत वार्षिक वर्षा यसपटक सामान्य रहे पनि विषम (एक्सट्रिम) घटनाहरू जस्तै २४ घण्टामा र एक घण्टामा पर्ने पानीको मात्रा अस्वाभाविक बढेको देखिन्छ। जसका कारण खोलामा आउनुपर्ने पानीको मात्रा बढी हुने र अहिलेको भूउपयोगमा आएको परिवर्तनका कारण पानी खोलाको कुनै ठाउँमा एकीकृत हुने समय छिटो र बढी भएको कारण पनि यस्ता विपद्को घटनाहरू बढ्ने देखिन्छ । यसपालिको विपद्लाई जलवायु परिवर्तनसँग मात्र हेरिनु भनेको भएभरको दोष जति प्रकृतिलाई दिएर हामी मानव जाति र हामीले विकास निर्माण कार्यमा गरेका गल्तीलाई ढाकछोप गर्नु मात्र हुनेछ । हामीले विकास निर्माणका लागि आवश्यक नदीजन्य पदार्थहरू उत्खनन गर्दा वैज्ञानिक पद्धति अपनाएका छौं अथवा छैनौं भन्ने विषय महत्वपूर्ण हुन्छ। काभ्रेको रोसीखोलामा नदीबाट, डाँडाकाँडा फोरेर उत्खनन मात्र गरेनौं, उत्खननपछि काम नलाग्ने भनिएका पदार्थहरू खोलामा थुपारेर फेरी नदीलाई अवरोध, साँघुरो बनाउने काम पनि गरेका थियौं । त्यति मात्र होइन, हामी प्रत्येक नेपालीलाई आआफ्नो घर अगाडिबाट नै मोटरबाटो चाहिएको छ र हाम्रा पहाडहरू अति नै खुकुला छन् । धेरैजसो पहाडहरू २४ घण्टामा एक सय मि.मि. पानी पर्दा नै पहिरो जाने जोखिममा पर्छ। रोसी मात्र होइन, हाम्रा धेरै मध्यपहाडका खोलानाला र ननइन्जिनियरिङ सडकहरू (कुनै कुनै गाउँमा जाने पाँच/सात वटासम्म छन्), यी सबै विपद्का कारण हुन् । अवैज्ञानिक नदीजन्य पदार्थहरू उत्खनन र जोखिममा आधारित भूउपयोग योजना लागु नहुनुजस्ता समष्टिगत (क्युमुलेटिभ) असरहरूले असोज ११ (१३ को वर्षाले निम्त्याएको विपद्लाई लिन सकिन्छ । त्यसकारण के भन्न सकिन्छ भने जलवायु परिवर्तन, मानवीय क्रियाकलाप र प्रकृति, खोलानाला, पहाडहरूमा भएका अतिक्रमण जस्ता समष्टिगत कारणले भविष्यमा झन् ठुलो विपद् निम्त्याउने प्रस्ट छ । आजकल सहरीकरण, अग्ला अग्ला भवनहरू बढ्नु, सहर जङ्गलको कन्क्रिटका रूपमा विकसित हुँदै जानुले हाल गाउँभन्दा सहर केन्द्रित विपद्हरू बढी भइरहेको देखिन्छ। नदी, खोलानाला अतिक्रमण बढ्नु, सहरी क्षेत्रमा तापमान तथा माइक्रो क्लाइमेटिक प्रभाव बढ्दा अतिवृष्टिका घटना घटेका छन् । अब, काठमाडौं उपत्यका केन्द्रित भएर केही तथ्यहरू र भविष्यमा गर्नुपर्ने कार्यहरूका लागि केही सुझावहरू राख्न चाहन्छु । काठमाडौं उपत्यका विगत र वर्तमान विगत १९९० सालदेखि २०२० सालसम्मको भूउपयोगको तथ्याङ्कलाई केलाउने हो भने निर्माणकार्यले जमिन ओगट्ने प्रक्रिया अर्थात् बिल्टअप जमिन एक सय १५ प्रतिशतभन्दा बढीले बढेको b]v G . (जलवायु, विपद् र जलसोत विधाका अनुसन्धानकर्ता थापा पोखरा विश्वविद्यालयका ; xk|Vfks xg\.

*-नागरिक दैनिक*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

# बजेट जतातत्तै, एउटै छैन खेल मैदान

■ नमस्ते समाचारदाता

डडेलधुरा, कार्तिक/१०



व्यवस्थित खेल मैदानको अभावमा अमरगढीमा ठुला खेल सञ्चालन हुन सकेको छैन । अमरगढी नगरपालिका-४ मा करिब सय मिटर लम्बाइ र ५० मिटर चौडाइ भएको टुँडिखेलमा क्रिकेट र फुटबल प्रतियोगिता गर्न सहज छैन । फराकिलो मैदान नहुँदा अमरगढीमा खेलकुद प्रतियोगिता गर्न चुनौती रहने गरेको छ । अमरगढी नगरपालिका-३ को घटालथाननजिक रामलीला मैदान छ । डोटी खोलाकिनार प्राकृतिक मैदानमा क्रिकेट र फुटबलबाहेक अन्य प्रतियोगिता गर्न मिल्छ तर पूर्वाधारका संरचना छैन । असोजको वर्षापछि खोलाको बाढीले मैदानमा माटो भरिएको छ । यी दुई मैदानबाहेक अन्य मैदान नहुँदा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता गराउनसमेत समस्या हुने गरेको छ। जिल्ला खेलकुद विकास कार्यालयका प्रमुख डम्बरबहादुर भण्डारीका अनुसार जेनतेन यी दुई वटै मैदानमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता हुँदै आएको छ। उहाँका अनुसार भित्री मधेशको जोगबुडा परशुराम नगरपालिकामा रङ्गशाला निर्माण गरिएकाले क्रिकेट र फुटबल खेलाउन सकिन्छ । एक वर्ष जोगबुडामा र एक वर्ष अजयमेरुमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गरिएको थियो । टुँडिखेलकै छेउमा २०४२ सालमा निर्माण भएको टिटी कभर्ड हल पनि २०७५ असारको वर्षाले भत्किएको छ। यसको पुनर्निर्माण सम्पन्न भए पनि हस्तान्तरण भएको छैन। प्रमुख भण्डारीले टिटी कभर्ड हलमा टेनिस, कराँते, तेक्वान्दो, बक्सिङ प्रतियोगिता गर्न मिल्ने जानकारी दिनुभयो । खेल मैदान र कभर्ड हलको अभावमा खेलाडी उत्पादन हुन नसकेको उहाँको भनाइ छ । तेक्वान्दोका चर्चित खेलाडी दीपक विष्ट, बक्सिङ खेलाडी डम्बरदत्त भट्ट, भारोत्तोलन खेलाडी भरत साउद, एथलेटिक्सकी सरस्वती भट्टराई, क्रिकेट खेलाडी दिलीप नाथ, सन्दिप जोरा, सन्तोष भट्ट, भलिबलकी कविता भट्ट जस्ता खेलाडी डडेलधुराका हुन् । खेल मैदानका लागि विभिन्न समयमा रकम नआएको होइन तर शक्ति र हचुवाका भरमा आउने बजेटले जिल्ला सदरमुकाममा एउटा पनि गतिलो खेल मैदान बनाउन नसकिएको खेलकुद विकास समितिका अध्यक्ष डम्बर थापाले गुनासो गर्नुभयो । उहाँका अनुसार अमरगढी नगरपालिका-४, बलिया खेल मैदान निर्माणका लागि ३० लाख र वडा नम्बर ५ को डडेलधुरा बहुमुखी क्याम्पसमा उग्रतारा खेल मैदानका लागि १५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। यसभन्दा अघि पनि सङ्घ, प्रदेश र स्थानीय सरकारले अलग अलग स्थानमा खेल मैदान बनाउन करोड रुपैयाँभन्दा बढी रकम खर्च गरिसकेका छन् तर खेलकुद प्रतियोगिता सञ्चालन गर्न मिल्ने मैदान एउटा पनि निर्माण हुन सकेको छैन। यसअघि अमरगढी नगरपालिकाका-२, ३, ४, ६ र ८ मा स्थानीय, प्रदेश र सङ्घ सरकारले अलग अलग खेल मैदान निर्माण गर्ने भन्दै वनको जमिन खनेर छोडेका छन् तर डिपिआर गरिएका खेल मैदानमा बजेट छैन । २०७५ सालमा अमरगढी नगरपालिका-४ स्थित धोबीखोलामा उग्रतारा रङ्गशाला र वडा नम्बर ६ मा भटनेउटा क्रिकेट मैदानका नाममा सङ्घीय सरकारले केही बजेट विनियोजन गरी जमिन खनेको छ । त्यसयता बजेट परेको छैन। वडा नम्बर ६ कै ग्वाला खेतमा प्रदेश सरकारले २० लाख रकम विनियोजन गर्दै क्रिकेट खेलमैदान निर्माण गर्ने भनी जमिन खनेको थियो तर यसमा पनि पछिल्ला वर्षमा बजेट छैन। यसै गरी वडा नम्बर ८ खोलाखेतमा अमरगढी नगरपालिकाले क्रिकेट खेलमैदान निर्माण गर्ने भन्दै जमिन खनेको थियो । यी तीन वटै खेल मैदानमा करिब डेढ करोड रुपैयाँ खर्च गरिएको थियो तर अहिले भूक्षयीकरण हुँदा खण्डहरमा परिणत भएको खेलकुद विकास समितिका अध्यक्ष थापाले बताउनुभयो। यस्तै वडा नं. २ र ३ मा पनि केही रकम खर्च गरेर अमरगढी नगरपालिकाले जमिन खनेको थियो तर निर्माण सम्पन्न हुन सकेको छैन।

२७...

उनका अनुसार डेंगु फैलन नदिनका लागि मुख्य त लामखुट्टेको लार्भा नष्ट गर्नुपर्छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले डेंगु नियन्त्रणमा राज्यले अघि सारेका रणनीति र कार्यनीति कमजोर भएको स्विकारे । उनले यसअघिका रणनीति र कार्यनीतिले काम नगर्दा डेंगु संक्रमण फैलिएको बताए । यसअघिका कार्यक्रम प्रभावकारी नभएका कारण बिहीबारको मन्त्रिपरिषद् बैठकले डेंगु नियन्त्रणमा लाग्ने निर्णय गरेको डा. बुढाथोकीको भनाइ छ । 'मन्त्रिपरिषद्बाट नै निर्णय गरेर काम गर्न मन्त्रालयले ध्यानाकर्षण गराइएको छ । अब प्रभावकारी रूपमा डेंगु नियन्त्रणमा काम गर्नुपर्छ,' उनले भने।

# हुम्ला जिल्ला अस्पतालमा औषधि अभाव

■ नमस्ते समाचारदाता

हुम्ला, कार्तिक/१०




हुम्ला जिल्ला अस्पतालमा औषधिको अभाव भएको छ । अस्पतालमा मौज्दात भएको औषधि सकिएको र नयाँ औषधि खरिद गर्न नपाएपछि अभाव देखिएको अस्पतालले जनाएको छ । भाउजुलाई उपचारका लागि अस्पताल ल्याएकी सिमकोट-४ की बबिता शाहीले चेकजाँचपछि आफूले औषधि किन्न नपाएको गुनासो गरिन् । उनले घरको छतबाट लडेर घाइते भएकी भाउजु भानु शाहीलाई उपचारको लागि जिल्ला अस्पताल ल्याएकी हुन् । अस्पतालकी वरिष्ठ अनमी सरिता बोहराले औषधिको अभाव भएको स्वीकार गर्दै घाउचोट लागेका बिरामीका लागि स्प्रिड कटनको पनि अभाव रहेको बताइन् । स्वास्थ्य सेवा कार्यालयका कर्मचारीको सरुवा भएको र नयाँलाई आर्थिक खर्चको अधिकार नदिइएकोले औषधि खरिदमा पनि समस्या भएको उनको भनाइ छ।

# सहमतिमा दुवै महोत्सवलाई सफल पार्ने प्रतिवद्धता



■ नमस्ते समाचारदाता

नेपालगन्ज, कार्तिक/१०

नेपालगन्जमा संचालन हुने दुवै महोत्सवलाई सफल पार्न एक आपसमा सहमति भएको छ । यही कात्तिक २९ गतेदेखि मंसिर १८ गतेसम्म संचालन हुने महोत्सव र नेपालगन्ज उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको पौष ४ गतेदेखि १६ गतेसम्म संचालन हुने महोत्सवलाई सफल पार्न एक आपसमा सहमति भएको हो । शनिवार नेपालगन्ज उद्योग वाणिज्य संघ नेपालगन्जमा बसेको दुवै पक्ष विच एक आपसमा सहमति भई सहकार्य गरेर जाने सहमति भएको नेपाल आदिवासी जनजाति महासंघ बाँकेका सचिव सचिव राजन रानामगरले बताउनुभयो । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् बाँकेले आयोजना गर्न लागेको नेपालगन्जमा 'प्रथम कृषि, पर्यटन प्रवर्धन, व्यापारिक संरक्षण तथा सांस्कृतिक महोत्सव एक्सपो २०८१' को नारालाई परिमार्जन गरि नेपालगन्ज प्रथम कृषि पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक महोत्सव एक्सपो २०८१ राखिने सहमति भएको हो । यस्तै नेपालगन्ज उद्योग वाणिज्य संघ र नेपाल आदिवासी जनजाति महासंघ कोहलपुर नगर समन्वयले आयोजना गर्न लागेको महोत्सवको मिति जुझन गएको खबरले यस बारे दुवै पक्ष विच समय नजुझन पहल गरिने सहमति भएको छ । यस्तै जनजातिले आयोजनागर्न लागेको महोत्सवको मिति २० दिन लामो भएको हुनाले यसलाई अति समय कम गराउन सम्बन्धित सरोकारवालाले गरेको निर्णय मान्य हुने आदिवासी जनजाति महासंघ बाँकेका सचिव रानामगरले बताउनुभयो । यसपटकको मेला जनजातिका परिकार, भेषभुषा परम्परागत संस्कृतिको प्रदर्शन हुने भएको हुनाले अन्य मेला भन्दा फरक देखिने नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् बाँकेका अध्यक्ष डम्बरबहादुर थापामगरले बताउनुभयो । सबै समुदायको कला, संस्कृति, भेषभुषा र परिकारहरुको स्वाद लिन सकिने भएको हुनाले अहिलेसम्म कै फरक खालको महोत्सव संचालन गर्ने सोच भएको महोत्सव मुल समितिका संयोजक थापामगरले बताउनुभयो । आदिवासी जनजातिका परम्परागत रीतिरिवाज, चालचलन, कला, संस्कृति, भेषभूषा लगायतका सम्बन्धित सबै कुरा पछिल्लो समयमा हराउँदै जान थालेपछि यसलाई संरक्षण, जगेर्ना र प्रवर्धन तथा प्रचारप्रसार गर्ने उद्देश्यका साथ नेपालगन्जमा महोत्सव आयोजना गर्न लागिएको सचिव रानामगरले बताउनुभयो । 'विश्वभरी फैलिएका हामी जनजाति हामी आदिवासी, जोगाइ राखौं भेषभूषा, भाषा, संस्कृति' भन्ने मूल नाराका साथ यही कार्तिक २९ गतेदेखि मङ्सिर १८ गतेसम्म नेपालगन्जमा 'प्रथम कृषि, पर्यटन प्रवर्धन, तथा सांस्कृतिक महोत्सव एक्सपो २०८१' सञ्चालन गर्न लागिएको सचिव रानामगरले बताउनुभयो । कला तथा संस्कृति संरक्षणसहित संस्थाको भवन निर्माण सहयोगार्थ सञ्चालन गर्न लागिएको महोत्सवमा जाति, जनजाति, कला, संस्कृति संरक्षणका साथै राष्ट्रिय ख्यातिप्राप्त कलाकार हरुले मनोरञ्जन प्रदान गरिने उहाँले बताउनुभयो । महोत्सवमा २५० स्टल रहनेछन् । महोत्सवभर आदिवासी जनजातिका कला, संस्कृतिसम्बन्धी पौराणिक कला जातीय भेषभूषाको प्रदर्शन गरिने, कृषि पर्यटन हस्तकलासहितका स्टलहरु राखिने, लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्टलहरु प्रदर्शनी गरिने तथा जातिय खाना प्रदर्शनी गरिने पनि सचिव रानामगरले जानकारी दिनुभयो ।

# १७ जिल्लाका सीडीओ फेरिए

■ नमस्ते समाचारदाता

काठमाडौं, कार्तिक/१०

गृह मन्त्रालयले एकैपटक १७ जना प्रमुख जिल्ला अधिकारी (सीडीओ)हरुको सरुवा गरेको छ । मन्त्रालयले ठूलो संख्यामा प्रमुख जिल्ला अधिकारी, सहसचिव तथा उपसचिव स्तरका कर्मचारीहरुको सरुवा गरेको हो । मन्त्रालयले शुक्रबार ललितपुर र भक्तपुरलगायत अन्य जिल्लाहरुका सीडीओहरुको जिम्मेवारी हेरफेर गरेको छ । ललितपुरको सीडीओमा रमेश ढकालको सरुवा गरेको छ। यस्तै भक्तपुरको सीडीओमा गोपाल अर्यालको सरुवा भएको छ । तुलसी प्रसाद श्रेष्ठ गृह मन्त्रालयमा तानिएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका वासुदेव घिमिरेलाई रुपन्देहीको सीडीओमा सरुवा गरिएको गृह मन्त्रालयले जनाएको छ। यस्तै गणेश अर्याल पर्सा, लाल बहादुर कवारी महोत्तरी, शशीधर घिमिरे बारा, तोयानारायण सुवेदी पाल्पा, शिवराम गेलाल दोलखाको सीडीओमा सरुवा भएको छ । यस्तै टुकराज पोखरेलको धनकुटा, पुण्य विक्रम पौडेलको गोरखा, श्याम कृष्ण थापाको तनहुँ, जनार्दन गौतमको गुल्मी, भोला दाहालको सप्तरी र मोहनराज जोशीको डोटी सरुवा भएको छ।

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणको कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# सरकारको अलमले नीतिले लोकमार्ग विस्तार र मुआब्जामा समस्या

नमस्ते समचारदाता

दाङ, कार्तिक/१०



दाङको राप्ती लोकमार्ग अन्तर्गत बजार क्षेत्रका बासिन्दाले राप्ती लोकमार्ग अन्तर्गतका सडक स्तरोन्नति गर्न माग गरेका छन् । तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टिकाराम खड्कालाई सडक स्तरोन्नति गर्न ध्यानाकर्षण समेत गराएका छन् । राप्ती राजमार्ग सरोकार मञ्चका अध्यक्ष नवराज लामिछानेले सडक स्तरोन्नति लागि कहिल्यै १५ मिटर छोड्नुपर्ने त, कहिल्यै २५ मिटर छोड्नुपर्ने भनी सरकारले दोधारे र अलमले नीति अनुसार जनतालाई भ्रमित पार्ने काम गर्दै आएको भन्दै यसले आफूहरुलाई अन्योल र अप्ठ्यारोमा पारेको बताएका छन् । लामिछानेका अनुसार सरकारको अस्पष्ट नीतिका कारण वीरेन्द्र चोकदेखि टरिगाउँ एयरपोर्टसम्मका दायाँ-बायाँतर्फका बासिन्दाहरु अलमल र समस्यामा परिरहेका छन् । अहिले १५ मिटर सडक छोडेको भए पनि त्यसमा सडक पनि नबनेको र त्यसमा पर्ने खाल्डाखुल्डीले मानवीय क्षति पुगिरहेको जनाउँदै यसमा सरकारले ध्यान दिनुपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ । अहिले फेरि २५ मिटर सडक र छ मिटर फुटपाथका लागि छोड्नुपर्ने कुरा उठिरहेको जनाउँदै यसले झनै अन्योल थपेको अध्यक्ष लामिछानेको भनाइ छ । यसमा अन्योल हुँदा घर भाडामा लगाउन नसकेको, घरजग्गा बिक्री वितरणमा समस्या हुने गरेको, बैंक ऋणसमेत पाउन नसकेको, घरको नक्सा पाससमेत रोकिएको अवस्था रहेको उनको भनाइ छ । सडकमा स्तरोन्नति समयानुकूल हुनुपर्ने, कालोपत्रेको दायाँबायाँ नाला निर्माण हुनुपर्ने, १५ मिटरभित्रका खाल्डा पुर्नपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ । ध्यानार्षणपत्रमा तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ५ र ६ का सात टोल विकास संस्थाका दुई सय ९४ जनाले संयुक्तरुपमा हस्ताक्षर गरेका छन् । यदि सडक विस्तार गर्नुपर्ने अवस्था आएमा नक्सा पास गरेर बनेका घरहरुलाई मुआब्जा दिनुपर्ने सङ्घर्ष समितिको भनाइ थियो । त्यस अवसरमा सडक डिभिजन कार्यालय दाङका प्रमुख दीपेन्द्रबहादुर विष्टले देशभरका राष्ट्रिय राजमार्गका लागि २५ मिटर सडकका लागि र दाँया-बाँया ६ मिटर फुटपाथका लागि छोड्नुपर्ने मापदण्ड रहेको जानकारी गराएका छन् । उनले लोकमार्गका खाल्डाखुल्डी पुर्ने काम भने विगतमा पनि भएकाले त्यसलाई निरन्तरता दिने बताए । तुलसीपुर उपमहानगरपालिका प्रमुख खड्काले राप्ती लोकमार्ग सङ्घीय सरकारको कार्य क्षेत्रभित्र पर्ने भएकाले आफूहरुको समन्वय कारी भूमिका मात्र हुने जानकारी दिए ।

# दस वर्षसम्म बनेन पुल

नमस्ते समचारदाता

डडेलधुरा, कार्तिक/१०



डडेलधुरा जिल्लाका गन्यापधुरा गाउँपालिका र नवदुर्गा गाउँपालिकालाई जोड्ने पुल एक दशकसम्म निर्माण हुन नसक्दा स्थानीयले सास्ती पाउन थालेका छन् । दुई गाउँपालिकालाई जोड्नका लागि पक्की पुल निर्माण हुन थालेको एक दशक हुन थालेको छ तर पुलबाट मोटर चढेर आवतजावत गर्ने स्थानीयको चाहना अझै पूरा हुन सकेको छैनरु। गन्यापधुरा गाउँपालिका-३, सकायललाई नवदुर्गा गाउँपालिका -३, डाँडावन जोड्ने सकायल खोलामा निर्माणाधीन पक्की पुल २०७२ सालदेखि अलपत्र अवस्थामा रहेको छ । करिब दुई करोड ५० लाख रुपियाँ लागत रहेको पुलको निर्माण दुई वर्षभित्र गरिसक्ने गरेर डडेलधुराकै निर्माण कम्पनी राजेन्द्र निर्माण कम्पनी र चाँदनी निर्माण कम्पनी जेभीलाई ठेक्का दिइएको थियो । ठेक्का सम्झौता भएको १० वर्ष पुग्दासम्म करिब ७५ प्रतिशत काम मात्र भएको सडक डिभिजन कार्यालय डोटीका कार्यालय प्रमुख रमेश भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म पुल निर्माणका लागि निर्माण कम्पनीको चार पटक म्याद थप गरिएको छ । काम भए अनुसारको भुक्तानी पनि निर्माण व्यवसायीले बुझेको उहाँले बताउनुभयोरु। करिब एक वर्षदेखि निर्माण कार्य पूर्ण रूपमा ठप्प रहेको छ । अब तिहारपछि काम सुरु गर्ने निर्माण कम्पनीले जानकारी गराएको उहाँले बताउनुभयो । पुल अगाडिको सडक बनाउन जग्गा विवाद पनि रहेको उहाँको भनाइ छ । बर्खाका बेला खोलामा पानीको बहाव अत्यधिक हुने हुँदा स्थानीय बासिन्दालाई ओहोरदोहोर गर्न समस्या हुने गरेको स्थानीय योगेन्द्र देउवाले बताउनुभयो । उहाँले भन्नुभयो, “निर्माण कम्पनीसँग पुल निर्माणका लागि पटक पटक आग्रह गर्दासमेत बेवास्ता गर्दा स्थानीयले जोखिम मोलेर खोला वारपार गर्नु परेको छ ।” पुल निर्माणको काम अगाडि बढाउन निर्माण कम्पनी र सडक डिभिजन कार्यालय कुलपाते डोटीलाई पटक पटक आग्रह गर्दा पनि निर्माण सम्पन्न हुन नसकेको नवदुर्गा गाउँपालिकाका अध्यक्ष लक्ष्मीप्रसाद अवस्थीले बताउनुभयो । बिहीबार मात्रै प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपानेसहितको टोलीले स्थलगत अनुगमन गरेर पुल निर्माणका लागि सडक डिभिजन कार्यालयलाई निर्देशन गरेको छ । पुल निर्माण पूरा गर्न पटक पटक म्याद थप भएको यो थप गरिएको अवधिमा पनि निर्माण नभए कम्पनीलाई कारबाही गरिने सडक डिभिजन कार्यालय कुलपाते डोटीका कार्यालय प्रमुख भट्टराईको भनाइ छ । पुल निर्माणको ठेक्का पाएका निर्माण व्यवसायी लोकेन्द्र गुरुङले लागत पुनरवलोकन भएकाले काममा ढिलाइ भएको बताउनुभयो । निर्माण व्यवसायी गुरुङले तत्काल काम सुरु गरेर सडक डिभिजन कार्यालयले थप गरेको म्यादमा पुल निर्माण पूरा हुने दाबी गर्नुभयो ।

# भारतमा गएर पढ्नुपर्ने विद्यार्थीको बाध्यता

नमस्ते समचारदाता

बाँके, कार्तिक/१०



भारतसँग सीमा जोडिएको बाँकेको डुडुवा गाउँपालिकाको वडा १ बार्डर चौफेरीमा विद्यालय नहुँदा त्यहाँका बालबालिका नाकापारी भारतीय विद्यालयमा पढ्न जानुपर्ने बाध्यता छ । बाढीबाट विस्थापित भएर २०७१ सालमा कुडुवाबाट बार्डर चौफेरीमा आएका ४२ घर परिवार राज्यको आधारभूत सेवाबाट वञ्चित छन् । गाउँमा विद्यालय नभएपछि बालबालिकालाई पढ्नका लागि नजिक रहेको भारतको कुदरबेटवामा पठाउनु पर्ने बाध्यता रहेको स्थानीय प्रेमनारायण यादवले बताउनुभयो । उहाँले गाउँमा विद्यालय नहुँदा ७० जनाभन्दा बढी बालबालिकाहरू अर्काको देशमा गएर पढ्नु पर्ने बाध्यता सुनाउनुभयो । यादवले भन्नुभयो, ‘आफ्नो देशमा बच्चा पढाउन पाएको भए बालबालिकाले नेपाली भाषा सिक्नुका साथै अन्य विषयमा पनि सहज हुन्थ्यो, विद्यालय छैन, अर्काको देशमा पठाउनु पर्ने बाध्यता छ ।’ बार्डर चौफेरी क्षेत्रमा विद्यालय नहुँदा केही बालबालिकाले सीमापारीको विद्यालयमा गएर पढिरहेका छन् । केही बालबालिका घरको चुलोचौको गरेर बस्न बाध्य रहेको स्थानीय महिला स्वयंसेविका मिरा यादवले बताउनुभयो । उहाँले थप्नुभयो, ‘यसरी विद्यार्थीलाई नाकापारी पठाउँदा पैसा त खर्च हुन्छ नै नेपालको राष्ट्रियता, स्वाभिमानजस्ता विषयसमेत नेपाली बालबालिकाले थाहा नपाउने समस्या छ ।’ बार्डर चौफेरी गाउँमा विद्यालय सञ्चालन गर्न हालसम्म सरोकारवाला निकायले चासो नदेखाएको जनाउँदै स्थानीय तहको पुनर्संरचनापछि सिंहदरबारको अधिकार गाउँमा आएको भनिए पनि डुडुवा-१ बार्डर चौफरीमा अहिलेसम्म राज्यको कुनै पनि सेवा सुविधा नपाएको दुःखेसो महिला स्वयंसेविका यादवले सुनाउनुभयो । आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको मौलिक हकबाट चौफेरीका बालबालिका वञ्चित रहेको स्थानीयको भनाइ छ । डुडुवा गाउँपालिका वडा १ का वडा अध्यक्ष पटेश्वर कुर्मीले बिकट क्षेत्रमा सरकारी विद्यालय स्थापना गर्ने प्रतिबद्धता आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेको जनाउँदै राजनीति प्रतिस्पर्धाका कारण सो ठाउँमा विद्यालय स्थापना गर्न नसकेको बताउनुभयो । वडा अध्यक्ष कुर्मीले आफूले अझै पनि त्यहाँ विद्यालय स्थापना गर्ने प्रयास जारी राखेको जनाउँदै आफ्नो कार्यकालमा स्थापना गरेर छाड्ने प्रतिबद्धता जनाउनुभयो । डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्रकुमार चौधरीले पालिकाको सबै ठाउँमा बालबालिकालाई पायक पर्नेगरी विद्यालय स्थापना र सञ्चालन गर्ने स्थानीय सरकारको नीति रहेको जनाउँदै शिक्षाबाट कोही पनि वञ्चित नहुने बताउनुभयो ।

# जग नबन्दै अलपत्र नगरपालिकाको भवन

नमस्ते समचारदाता

कालीकोट, कार्तिक/१०



रास्कोट नगरपालिका अन्तर्गत वडा नम्बर २ कार्यालयको भवन जग नबन्दै अलपत्र परेको छ । ठेकेदारको बदमासीले बिचैमा काम रोकेपछि भवन निर्माण अलपत्र हुँदा हजारौं सेवाग्राही मर्कामा परेका छन् । कार्यालयको भवन निर्माण हात्तीपाइलेसम्म राखिएको छ । वडा नं २ का वडा अध्यक्ष ध्रुवराज सिम्खडाले वडा कार्यालय निर्माणको काम रोकिएको बारेमा आफूलाई आधिकारी कुनै जानकारी नभएको बताउनुभयो । बर्सातको समयमा काम चलिरहेको थियो । अहिले बन्द छ । वडा कार्यालय निर्माण भइरहेको माथि पट्टी रहेको स्थानीयको घर समेत जोखिममा परेको छ । तल वडाको भवन निमार्णका लागि निर्माण व्यवसायीले काम गराउँदा पहिरो खसेर स्थानीय धन सुरे सार्कीको घर उच्च जोखिममा रहेको छ । स्थानीय नागरिकको घरको सुरक्षाका लागि वडा तथा नगरपालिकाले कुनै चासो नदिएको स्थानीयको भनाई छ । स्थानीय बिशामित्र सिम्खडाले नागरिकको घर भत्किने अवस्था हुँदा पनि सरकार मौन बसेको गुनासो गर्नुभयो । सरकारले आफ्ना भवन निमार्णको जिम्मा लिएको निर्माण व्यवसायीसँग समन्वय गर्नु पर्ने हो । भवन निर्माण अलपत्र पार्दा एकातिर समयमा वडाको कार्यालय निर्माण हुने छैन भने अर्को तर्फ पानी पर्दा स्थानीयको घर भत्किने समस्या छ । वडाको भवन निमार्णका लागि तीन करोड ५५ लाखको लागत अनुमान गरेर ठेक्का आब्हान गरिएको थियो । तर निमार्ण कम्पनी किट्स निमार्ण सेवाले दुई करोड ८० लाखमा ठेक्का सम्झौता गरेको थियो । बहुबर्षिय योजना अनुसार वडा कार्यालयको भवन निर्माण गर्नु पर्ने छ । आगामी असार मसान्तमा काम सक्नु पर्ने उल्लेख भए पनि काम भने पाँच प्रतिशत भन्दा बडी भएको छैन । काम छिटो सक्नु पर्छ भनेर न निर्माण व्यवसायीले चिन्ता गरेको छ न त स्थानीय सरकारले चासो लिएको छ । असार मसान्त आउनका लागि सात महिना मात्र बाँकी छ । भवन निमार्णको जिम्मा लिएको काम के कारणले रोकिएको हो, भन्ने बारेमा रास्कोट नगरपालिका पनि बेखबर छ । नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत जवानसिहं बमले के कति कारणले रोकिएको हो आफू तत्काल जानकारी लिने बताउनुभयो । वडा कार्यालय निर्माणका लागि ठेक्का सम्झौता गरेको किट्स निर्माण सेवाका प्रतिनिधि ध्वजबहादुर शाहीले सङ्घ प्रदेश र स्थानीय सरकारको साझेदारीमा निमार्ण गरिने वडाको भवनका लागि यो वर्ष प्रदेश सर कारले बजेट नहालेका कारणले भवन निर्माण भए पनि भुक्तानीका कुर्नु पर्ने बताउनुभयो ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके